# बुद्धिजम डिजीटल लाइब्रेरीको
# बिधान– २०२४

## १. प्रस्तावनाः

शाक्यमुनि गौतम बुद्धले प्रतिपादन गर्नु भएको बुद्ध-दर्शनको मूल सारलाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन, प्रचार, प्रसार र जागरण गर्ने हेतुले अमेरिकाको मासाच्युसेट राज्यमा बुद्धिजम डिजीटल लाइब्रेरी बिडीएल इन्क, स्थापना गरी, बिधिवत रुपमा सञ्चालन गर्नको लागि यो बिधान लागु गरिएको छ ।

# परिच्छेदः १

## २. संस्थाको नामः

१. यस संस्थाको नेपाली नाम बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्क, अमेरिका रहने छ। अंग्रेजीमा Buddhism Digital Library (BDL) Inc, USA. रहने छ ।

२. यस संस्थाको ठेगाना 120 Spencer Ave, Chelsea 02150 MA, USA मा रहने छ ।

३. यस संस्थाको www.buddhismlibrary.org नामक वेभसाइट रहने छ ।

४. संस्थाको सबै गतिबिधिहरु वेभसाइटमा राखिने छ ।

५. बुद्धिजम डिजीटल लाइब्रेरी, बौद्ध जागरण एवं परियति शिक्षाको नियमित कार्यक्रम हो ।

## ३. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधानमाः

१. 'संस्था' भन्नाले बिधान अनुसार दर्ता भएको बैधानिक संस्थालाई सम्झनु पर्ने छ ।

२. 'बिधान' भन्नाले बुद्धिजम डिजीटल लाइब्रेरी इन्कको बिधानलाई जनाउँने छ ।

३ 'उद्देश्य' भन्नाले बिधानको दफा ४ मा उल्लेख भएको उद्देश्यलाई जनाउने छ ।

४. 'डाइरेक्टर' भन्नाले दफा ५ मा उल्लेखित पदाधिकारी लाई जनाउने छ ।

५. 'ट्रष्टि' भन्नाले दफा ६ मा उल्लेखित पदाधिकारीलाई जनाउने छ ।

६. 'इडिटर' भन्नाले दफा ७ मा उल्लेखित पदाधिकारीलाई जनाउने छ ।

७. 'प्रतिनिधि' भन्नाले दफा ८ मा उल्लेख भएको प्रतिनिधिलाई जनाउने छ ।

८. 'काउन्सिल' भन्नाले दफा ९ मा उल्लेख भएको हाउस अफ काउन्सिललाई जनाउने छ ।

९. 'साधरण सभा' भन्नाले बिधान बमोजिम बस्ने साधरण सभालाई जनाउने छ ।

१०. 'काउन्सिल सभा' भन्नाले बिधान बमोजिम बस्ने काउन्सिल सभालाई जनाउने छ ।

११. 'बिशेष सभा' भन्नाले बिधान बमोजिम बिशेष अवस्थामा बस्ने बिशेष सभालाई जनाउने ।

१२. 'छाप' भन्नाले संस्थाको आफ्नो छुट्टै छाप हुने छ ।
१३. 'लोगो' भन्नाले संस्थाको आफ्नो छुट्टै लोगो हुने छ ।
१४. यो स्वशासित गैर सरकारी संस्था हुने छ ।
१५. यो संस्थाको आफ्नो छुट्टै बैंक खाता रहने छ ।
१६. यो मुनाफा रहित सामाजिक संस्था हुने छ ।
१७. अन्तराट्रिय स्तरमा च्याप्टरहरु खोल्न सक्ने छ ।
१८. यो संस्थाले आफ्नो नाउँमा चल अचल सम्पत्ति खरिद बिक्री गर्न सक्ने छ ।
१९ अमेरिकी सरकारी कानुनमा बाझिएका दफाहरुको हकमा स्वत निःस्कृया हुने छन् ।
२०. यस बाहेकको हकमा बोर्ड अफ डाइरेक्टरको निर्णय अनुसार हुने छ ।
२१. बिधान साधरण सभाले पास गरेपछि लागु हुने छ ।

# परिच्छेद: २

## ४. उद्देश्यहरुः

अमेरिकाको प्रचलित कानुनको अधीनमा रही संस्थाको उद्देश्यहरु निम्न अनुसार रहने छन् ।

१. बुद्धिजम डिजीटल लाइब्रेरी स्थापना गर्ने ।
२. बौद्धदर्शनलाई अनुवाद गरी प्रकाशन गर्ने ।
३. बौद्ध जागरणको लागि डिजीटलाइजेशन गर्ने ।
४ शान्तिका लागि पूजापाठ, प्रबचन र चैरिटी गर्ने ।
५. समान उद्देश्य भएका संघसंस्थाहरुसंग सहकार्य गर्ने ।

# परिच्छेदः ३

## ५. बोर्ड अफ डाइरेक्टरहरुः

१. धिर बहादुर गुरुङ, अध्यक्ष ।
२. बसन्त कुमार गुरुङ, धर्मगुरु ।
३. अरुण कुमार गुरुङ, सांस्कृतिक प्रमुख ।
४. कर्साङ लामा, कोषाध्यक्ष ।
५. कुम बहादुर गुरुङ, सचिव ।

नोटः बोर्ड अफ डाइरेक्टरमा कम्तिमा एक जना धर्मगुरु अनिवार्य रहनु पर्ने छ ।

## ६. बोर्ड अफ ट्रष्टिः

यस संस्थाको उद्देश्य पूर्तिको निम्ति एउटा बोर्ड अफ ट्रष्टि रहने छ । यसमा कम्तिमा पनि २५ जना ट्रष्टिहरु रहने छन् । त्यस मध्ये कम्तिमा पनि पाँचजना महिलाहरु हुनु पर्ने छ । ट्रष्टि सदस्यहरुले चुनेको एक जना ट्रष्टिले बोर्ड अफ ट्रष्टिको अध्यक्षता गर्ने छ । उनी बोर्ड अफ डाइरेक्टरको पदेन सदस्य रहनेछ ।

## ७. बोर्ड अफ इडिटरः

यस संस्थाको उद्देश्य पूर्तिको निम्ति ५ जना प्राज्ञहरुको एउटा बोर्ड अफ इडिटर रहने छन् । त्यस मध्ये एक जना चिफ इडिटर हुने छ ।

## ८. प्रतिनिधिः

यस संस्थाको उद्देश्य पूर्तिको निम्ति प्रत्येक देशमा आवश्यकता हेरी प्रतिनिधिहरु रहने छन् । ती प्रतिनिधि-हरुले आवश्यकता अनुसार कार्यक्रमहरु गर्न सक्ने छन् ।

## ९. हाउस अफ काउन्सिलः

यस संस्थाको उद्देश्य पूर्तिको निम्ति १०८ काउन्सि-लरको हाउस अफ काउन्सिल रहने छ । त्यसै मध्येबाट एक जनाले हाउस अफ काउन्सिलको अध्यक्षता गर्ने छ ।

## १०. अध्यक्षको काम, कर्तब्य र अधिकारः

१. बैठकमा नियमित उपस्थित भइ अध्यक्षता गर्ने ।
२. बैठकमा राय बाझिएमा उपयुक्त राय दिने ।
३. संस्थाको उद्देश्य प्राप्तिका लागि नीतिहरु बनाउने ।
४. साधरण सभाले अनुमोदन गरे पछि लागु गर्ने ।
५. सञ्चालित कार्यक्रमहरुको प्रगति नीरिक्षण गर्ने ।
६. आवश्यक भएमा कर्मचारी नियुक्त गर्न सक्ने ।
७. बिभिन्न देशमा प्रतिनिधिहरु सिफारिस गर्ने ।
८. आवश्यकता भए जूम बैठक सञ्चालन गर्ने ।
९. अनुवाद र प्रकाशनका लागि सहकार्य गर्ने ।
१०. आपतकालिन अवस्थामा सहकार्य गर्ने ।
११. बौद्ध जागरण एवं मुष्टिदान अभियानमा सहभागीता जुटाउन राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समन्वय गर्ने ।
१२. समान उद्देश्य भएका संस्थाहरुसंग सहकार्य गर्ने ।

**नोटः** यस बिधानमा उपाध्यक्षको परिकल्पना नभएको हुनाले अध्यक्षको अनुपस्थितिमा धर्मगुरु वा सांस्कृतिक प्रमुख एक जनाले अध्यक्षको पदभार संभाल्ने छ ।

## ११. सचिवको काम, कर्तब्य र अधिकारः

१. संस्थाको बैठकमा नियमित उपस्थित हुने ।
२. संस्थाको अभिलेख दुरुस्त राख्ने ।
३. बैठकको अभिलेख तथा निर्णहरु दुरुस्त राख्ने ।
४. संस्थाको तर्फबाट आधिकारिक पत्रचार गर्ने ।
५. बैठकमा एजेन्डाहरु प्रस्ताव गर्ने ।
६. साधरण सभामा प्रगति बिबरण पेश गर्ने ।
७. बैठमा सहज बातवरण तयार गर्ने ।
८. जूम बैठकहरु आयोजना गर्ने ।

## १२. कोषाध्यक्षको काम, कर्तब्य र अधिकारः

१. संस्थाको बैठकमा नियमित उपस्थित हुने ।
२. अध्यक्षसंग संयुक्त रुपमा बैंक खाता सञ्चालन गर्ने ।
३. आफुलाई प्राप्त भएको नगद बैंकमा दाखिला गर्ने ।
४. नगद तथा जिन्सि धनमालको अभिलेख दुरुस्त राख्ने ।
५. खर्च तथा आम्दानीको अभिलेख दुरुस्त राख्ने ।
६. साधरण सभामा आर्थिक बिबरण प्रस्तुत गर्ने ।
७. चैरिटीका लागि बातावरण तयार गर्ने ।
८. आर्थिक श्रोतहरु जुटाउने बातावरण तयार गर्ने ।

## १३. डाइरेक्टरहरुको काम, कर्तब्य र अधिकार

१. संस्थको बैठकमा नियमित उपस्थित हुने ।
२. प्रस्तावित प्रस्तवहरुको गुण र दोषको समिक्षा गर्ने ।
३. संस्थाको हकहितको लागि प्रस्तावहरु राख्ने ।
४. संस्थाले दिएको जिम्मेवारीलाई सफल गर्ने ।
५. संस्थाको कार्यक्रमहरुमा सकृया सहभागि हुने ।
६. बौद्धदर्शनको लागि परियति शिक्षा प्रवर्द्धन गर्ने ।
७. बिद्यार्थीहरुलाई छात्रबृत्ति सिफारिस गर्ने ।
८. लेखक र अनुवादकको रोयल्टि सिफारिस गर्ने ।
९. बौद्ध जागरण तथा मुष्टिदान अभियानमा सकृया हुने ।
१०.समान उद्देश्य भएका संस्थाहरुसंग सहकार्य गर्ने ।

## १४. नियमित बैठकको गणपुरक संख्याः

यस संस्थाको नियमित बैठक प्रत्येक महिनाको प्रथम शनिबार अपरान्ह २ बजे तोकिएको स्थानमा बस्ने छ । गणपुरक संख्या भन्नाले बैठकमा कुल सदस्य संख्याको ५१% प्रतिशत सदस्यहरु उपस्थित हुनु पर्ने छ । यसलाई गणपुरक संख्या वा बहुमत मानिने छ । गणपुरक संख्याले गरेको कुनै पनि निर्णयहरु आधिकारिक हुने छ । साधरण सभा र काउन्सिल सभामा पनि यही प्रकृया लागु हुने छ । प्रथम सभामा बहुमत नपुगे दोश्रो पटक बोलाइने छ । दोश्रो पटक पनि त्यही अवस्था भएमा बोर्ड अफ डाइरेक्टर र बोर्ड अफ ट्रष्टिको निर्णय अन्तिम हुने छ ।

# परिच्छेदः ४

## **१५. सदस्यताको प्रकारः**

यस संस्थालाई बिधिवत सञ्चालन गर्नाको लागि देह बमोजिमको परिभाषित सदस्यहरु रहने छन् । प्रत्येक सदस्यहरुको पहिचान हुने गरी फोटो आइडी सहित प्रमाण-पत्र प्रदान गरिने छ ।

**१. संस्थापक सदस्य–** बुद्धिजम डिजीटल लाइब्रेरी (बिडीएल) इन्क, स्थापना गर्दा उपस्थित रहेका पाँच जना सदस्यहरुलाई संस्थापक सदस्य भनिने छ ।

**२. ट्रष्टि सदस्य–** बुद्धिजम डिजीटल लाइब्रेरीको लागि तोकिएको रकम तिर्ने ब्यक्तिहरुलाई ट्रष्टि सदस्यता प्रदान गरिने छ ।

**३. आजिवन सदस्य–** बुद्धिजम डिजीटल लाइब्रेरीको लागि तोकिएको रकम तिर्ने ब्यक्तिहरुलाई आजिवन सदस्यता प्रदान गरिने छ ।

**४. काउन्सिल सदस्य–** बुद्धिजम डिजीटल लाइब्रेरीको लागि तोकिएको रकम तिर्ने ब्यक्तिहरुलाई काउन्सिल सदस्यता प्रदान गरिने छ ।

**५. संरक्षक सदस्य–** बुद्धिजम डिजीटल लाइब्रेरीको लागि तोकिएको रकम तिर्ने ब्यक्तिहरुलाई संरक्षक सदस्यता प्रदान गरिने छ ।

**६. मानर्थ सदस्य–** बुद्धिजम डिजीटल लाइब्रेरीको लागि अध्ययन तथा अनुसन्धान गरी सहयोग प्रदान गर्ने ब्यक्तिहरुको सम्मानका लागि मानर्थ सदस्यता प्रदान गरिने छ । तर, मतदान गर्ने अधिकार हुने छैन ।

**७. डोनर सदस्य–** बुद्धिजम डिजीटल लाइब्रेरीलाई दान गर्ने दाताहरुलाई सम्मानको लागि डोनर सदस्यता प्रदान गरिने छ । तर, मतदान गर्ने अधिकार हुने छैन ।

**१६. सदस्य शुल्कः**

१. ट्रष्टि सदस्य US$ १०००. (एक हजार भन्दा माथि)
२. आजिवन सदस्य US$ ५००. (पाँच सय भन्दा माथि)
३. काउन्सिल सदस्य US$ १००. (एक सय भन्दा माथि)
४. संरक्षक सदस्य US$ ५०००. (पाँच हजार भन्दा माथि)
५. प्रतिनिधि सदस्यहरु आजिवन सदस्य सरह हुने छ ।
६. मानर्थ सदस्यहरुलाई कुनै शुल्क लाग्ने छैन ।
७. डोनर सदस्यहरुले आफु खुशि दान दिन सक्ने छ ।

नोटः नेपालमा रहनु हुने बौद्धमार्गीहरुले ट्रष्टि सदस्य लिन चाहेमा रु १००,००० एक लाख माथि रहने छ ।

# परिच्छेदः ५

## १७. साधरण सभाः

यस संस्थाको वार्षिक साधरण सभा आर्थिक बर्ष समाप्त हुनु भन्दा अगाडि नै वर्षको एक पटक हुने छ । यसका लागि बोर्ड अफ डाइरेक्टरले ३५ दिने सूचना जारी गरी सबैलाई जानकारी गराइने छ । वार्षिक साधरण सभामा संस्थाको प्रगति बिवरण तथा आर्थिक बिवरण प्रस्तुत गरिने छ । बार्षिक साधरण सभाले छलफल गरी सर्वसम्मतबाट अनुमोदन गरेका प्रस्तावहरु बोर्ड अफ डाइरेक्टरले तुरन्तै लागु गर्ने छ ।

## १८. साधरण सभाको कार्यविधिः

बार्षिक साधरण सभाको अध्यक्षता बोर्ड अफ डाइरेक्टरको अध्यक्षले गर्ने छ । निजको अनुपस्थितिमा बरिष्ट सदस्यले गर्ने छ ।

## १९. साधरण सभाको काम, कर्तव्य र अधिकारः

१. बिधिवत रुपमा साधरण सभा सञ्चालन गर्ने ।
२. पदाधिकारीहरु र सदस्यहरुको निर्वाचन गर्ने ।
३. राजीनामा स्वीकृत गर्ने, हटाउने, निलम्बन गर्ने ।
४. सचिवले संस्थाको वार्षिक कार्यक्रम पेश गर्ने ।
५. कोषाध्यक्षले आर्थिक प्रतिवेदन पेश गर्ने ।
६. प्रतिवेदनमा छलफल गरी पारित गर्ने ।

७. आवश्यकता भए बिधान संशोधन गर्ने ।
८. लेखा परिक्षक नियुक्ति गरी पारिश्रमिक तोक्ने ।
९. साधरण सभाको उचित टिपोट गराउने ।
१०. अगामी कार्यक्रमको लागि घोषण-पत्र तयार गर्ने ।

## २०. बोर्ड अफ ट्रष्टिको काम, कर्तब्य र अधिकारः

१. बोर्ड अफ ट्रष्टिको काम, कर्तब्य र अधिकार दफा १३ मा लेखिए अनुसार हुने छ ।

## २१. बोर्ड अफ इडिटरको काम, कर्तब्य र अधिकारः

१. बोर्ड अफ इडिटरको काम, कर्तब्य र अधिकार दफा १३ मा लेखिए अनुसार हुने छ ।
२. लेखक, अनुवादक तथा बिज्ञहरुले तयार गरेका पान्डु लिपिको नेपाली भाषा सम्पादन गर्ने ।
३. नेपाली भाषामा अनुवाद हुनु पर्ने बौद्ध साहित्यहरुको सिफारिस गर्ने ।

## २२. आजिवन सदस्यको काम, कर्तब्य र अधिकारः

आजिवन सदस्यको काम, कर्तब्य र अधिकार दफा १३ मा लेखिए अनुसार हुने छ ।

## २३. प्रतिनिधिको काम, कर्तब्य र अधिकारः

यस संस्थाको प्रतिनिधिको काम, कर्तब्य र अधिकार दफा १३ मा लेखिए अनुसार हुने छ ।

## २४. काउन्सिल सदस्यहरुको काम, कर्तब्य र अधिकारः

१. संस्थाको नियमित कार्यक्रममा सहभागी हुने ।
२. बौद्ध परियति शिक्षालाई प्रबर्द्धन गर्ने ।
३. बौद्ध जागरण र मुष्टिदान अभियानलाई प्रबर्द्धन गर्ने ।
४. संस्थाले दिएको जिम्मेवारी बहन गर्ने ।
५. समान उद्देश्य भएका संस्थाहरुसंग सहकार्य गर्ने ।

## २५. काउन्सिल सभाः

बार्षिक साधरण सभा समापन भएको ठिक ५ महिना भित्र वर्षको एक पटक अनिवार्य रुपमा काउन्सिल सभा हुने छ । यसका लागि ३५ दिने सूचना जारी गरिने छ । बार्षिक साधरण सभामा छुटेका र समसामयिक बिषय-हरुमा काउन्सिल सभा केन्द्रित रहने छ । काउन्सिल सभाले अनुमोदन गरेका प्रस्तावहरु बोर्ड अफ डाइरेक्टरले तुरन्तै लागु गर्ने छ ।

## २६. काउन्सिल सभाको काम, कर्तब्य र अधिकारः

१. काउन्सिल सभाको अध्यक्षता काउन्सिलरहरुको बहुमतले तोकेको ब्यक्तिले गर्ने ।
२. साधरण सभामा छुटेका बिषयहरुमा छलफल गर्ने ।
३. बोर्ड अफ डाइरेक्टरको कार्यक्रमलाई समिक्षा गर्ने ।
४. बौद्ध जागरण र मुष्टिदान अभियानलाई प्रबर्द्धन गर्न ।
५. समान उद्देश्य भएका संघसंस्थाहरुसंग भातृत्व, मैतृत्व र सहअस्तित्वको लागि सहकार्य गर्ने ।

# परिच्छेदः ६

## २७. निर्वाचनः

यस संस्थाको निर्वाचन साधरण सभाले तोके बमोजिम हुने छ। प्रथम वर्षको हकमा संस्था दर्ता भएको ६ महिना भित्रमा पहिलो निर्वाचन गराइ, सम्बन्धित निकायमा जानकारी पठाइने छ। निर्वाचन गर्नका लागि बोर्ड अफ डाइरेक्टरले तीन सदस्य निर्वाचन समिति गठन गर्ने छ। समितिले बिधान बमोजिम आवश्यक कार्य तालिका तयार गरी निर्वाचन सम्पन्न गराउने छ।

## २८. डाइरेक्टर र ट्रष्टिको योग्यताः

१. बौद्धमार्गी हुनु पर्ने।
२. असल चरित्र भएको हुनु पर्ने।
३. कुनै फौजदारी अभियोग लागेको हुनु नपर्ने।
४. ट्रष्टि सदस्यता भएको हुनु पर्ने।
५. पञ्चशीलको भावनालाई बुझेको हुनु पर्ने।
६. संस्थागत अनुभव हुनु पर्ने।

## २९. अविश्वासको प्रस्तावः

१. प्रस्ताव शिष्ट भाषामा लेखिएको हुनु पर्ने छ।
२. प्रस्तावको विषय स्पष्ट र व्यावहारिक हुनु पर्ने छ।
३. काउन्सिल सदस्यहरुको पूर्ण संख्या १०८ जनाको हुने छ। त्यस मध्येबाट एक चौथाई सदस्यहरुको नाम र

ठेगाना स्पष्टसंग खुलाई सही भएको हुनु पर्ने छ। प्रकृया नपुगेको प्रस्ताव दर्ता हुने छैन । दर्ता नभएको प्रस्ताव माथि कुनै किसिमको प्रकृया हुने छैन ।

## ३०. अविश्वास प्रस्तावमा छलफलः

अविश्वासको प्रस्तावमा निर्णय गर्नका लागि गोप्य मतदान हुने छ। वा पक्ष बिपक्षमा मत प्रकट गर्नका लागि समूह समूहमा अलगै राखिने छ । यस बिषयमा ठोस निर्णय दिनु भन्दा पहिले अभियुक्तलाई सफाइको लागि पर्यप्त अवसर दिइने छ । तर, प्रस्ताव दर्ता भएको मितिबाट निजको पद स्वतः मुक्त भएको मानिने छ।

## ३१. सफाइको अवसरः

साधरण सभामा अभियोग लागेको ब्यक्तिलाई उनको मान, मर्यादा र चरित्रको सम्मान गर्दै, आफ्नो तरफबाट सफाइ पेश गर्ने पूर्ण अवसर दिइने छ। यस्तो अवस्थामा बिडीएल पूर्णरुपमा तटस्त रहने छ।

## ३२. आयोग गठनः

यस्तो अवस्थामा साधरण सभाले एउटा निष्पक्ष आयोग गठन गरी एक महिना भित्र सबुत प्रमाण सहित निर्णय गर्न निर्देशन दिन सक्ने छ। यसरी गठन भएको आयोगको अन्तिम निर्णय नहुन्जेलसम्म कसैले पनि कुनै किसिमको अफवह फैलाउन पाउने छैन ।

# परिच्छेदः ७

## ३३. बिधान संशोधनः

समय अनुकुल बिधान संशोधन गर्नु परेमा बोर्ड अफ डाइरेक्टरले एक महिना अगाडि नै तीन सदस्यको बिधान संशोधन टोली बनाएर संशोधनको जिम्मेवारी दिइने छ । संशोधित बिधान साधरण सभाको लागि बोर्ड अफ डाइरे-क्टरले सिफारिस गर्नु पर्ने छ । साधरण सभाले अनुमोदन गरे पछि संशोधित दफाहरु लागु हुने छन् ।

## ३४. कार्यकालः

यस संस्थाको बोर्ड अफ डाइरेक्टर, ट्रष्टि, इडिटर र काउन्सिल सदस्यहरुको कार्यकाल ४ वर्षको हुने छ । आवश्यक भए एक कार्यकाल थप गर्न सकिने छ ।

## ३५. गोप्यताः

गोप्यता भन्नाले यस संस्थाको कुनै पनि डाइरेक्टरहरु ट्रष्टिहरु, पदाधिकारीहरु वा सदस्यहरुले संस्थाको अहित हुने गरी गोप्यता भङ्ग गर्न पाइने छैन । कसैले गरेको प्रमाणित भए कानुन अनुसार कारवाही हुने छ ।

## ३६. बिबिधः

यस संस्थाको बिबिध पक्षहरुको सवालमा कानुनविद-हरुसंग परामर्श लिएर गरिने छ । संस्थाको भौतिक बिकास

को लागि महायज्ञ र महापूजाहरु गरी फन्ड संकलन गर्न सकेमा अमेरिका र नेपालमा बुद्धिजम डिजीटल लाइब्रेरीको लागि भवन निर्माण गर्न आवश्यक पहल गरिने छ ।

**३७. खारेजि:**

यस संस्थाको सञ्चालनमा कुनै बाधा अड्चन भइ खारेजि हुने अवस्था भएमा अमेरिकी सरकारको प्रचलित नियम कानुन अनुसार हुने छ ।

॥ समाप्त ॥

# सपथ ग्रहणको अनुसूची

म .................................. Buddhism Digital Library (BDL) Inc, को (Board of Director) .............को पदभार ग्रहण गरी संस्थाको उद्देश्य प्राप्तिको लागि बुद्धबचन साक्षी राखि मन, बचन र कर्मले सेवा गर्ने सपथ ग्रहण गर्छु । नेपाली भाषा, भेषभूषा, साहित्य, मौलिक संस्कार र बौद्ध संस्कृतिको मुल्य र मान्यतालाई उच्च सम्मान गर्दै, संस्थाको नीति तथा कार्यक्रमलाई मेरो योग्यताले भ्याएसम्म निष्ठवान भएर सेवा गर्ने सम्यक संकल्प गर्छु । म पदिय जिम्मेवारीमा रहदा वा नरहदा पनि संस्थाको कुनै गोप्यता भङ्ग गर्ने छैन ।

सही: ......................................
नाम: ......................................
मिति: .....................................
ठेगाना: ..................................
स्थान अनलाइन, अमेरिका ।

सपथ ग्रहण गराउनेको नाम ...................................
बोर्ड आफ डाइरेक्टर (खेन्पो प्रमुख लामा)
सही ........................... मिति ...........................